# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. नेपालद्वारा सिभिल बैंक लिमिटेडको एकीकृत कारोबारको शुभारम्भ

गभर्नर डा. चिरंजीबि नेपालले २०७४ साल असार १८ गतेदेखि सिभिल बैंक लिमिटेडले युनिक फाइनान्स लिमिटेड र हामा मर्चेण्ट एण्ड फाइनान्स लिमिटेडलाई प्राप्ति गरे पश्चात्को एकीकृत कारोबारको शुभारम्भ गर्नुभयो ।



गभर्नर डा. नेपालले प्राप्ति पश्चात् बनेको सिभिल बैंक लिमिटेडलाई एकीकृत कारोबारको सफलताको लागि शुभकामना व्यक्त गर्नुभयो ।

नेपाल राष्ट्र बैंकले लिएको पूँजी वृद्धिको नीति सफल हुँदै गइरहेको र यसका लागि बैंक तथा वित्तीय संस्थाहरु समेत धन्यवादको पात्र भएको कुरा राख्दै गभर्नर डा. नेपालले ६.९ प्रतिशतको आर्थिक वृद्धिदर, नियन्त्रित मुद्रास्फीति र सुधरिएको विद्युत आपूर्तिको परिप्रेक्ष्यमा आजको नेपाल विकासको पथमा अग्रसर भइरहेकोले बैंकिङ क्षेत्रको लागि समेत धेरै सम्भावनाहरु ल्याएको कुरा व्यक्त गर्नुभयो । गभर्नर डा. नेपालले बैंकहरुले उत्पादनशील क्षेत्रमा बढी ध्यान दिनुपर्ने र यसमध्ये पनि कृषिको क्षेत्रमा अझ विशेष ध्यान दिई नँया तथा रचनात्मक तरिकाले सेवा विस्तार गर्नुपर्ने सुभाव दिनुभयो ।

गभर्नर डा. नेपालले नेपाल सरकारले आर्थिक वर्ष २०७४/७५ को बजेटमार्फत लिएको नीति अनुसार देशभरका ७४४ वटा स्थानीय तहहरुमा शाखा विस्तार गर्न वाणिज्य बैंकहरुलाई सुझाव दिनुभयो । शाखा विस्तारको कार्य चुनौती मात्र नभई निक्षेप संकलन र लगानी विस्तार गर्ने अवसरको रुपमा लिनुपर्ने सुझाव समेत दिनुभयो ।

**२०७४ असार १८, आइतबार**

**गभर्नरको कार्यालय**